कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

खलङ्गा, सल्यान

## डिभिजन वन कार्यालय, सल्यानको वार्षिक कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वानको सूचना !!!

### दोश्रो पटक सूचना प्रकाशन मिति: २०७९।११।११

यस कार्यालयको तपशिल बमोजिमका चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम संचालनको लागी ईच्छुक सामुदायिक तथा कबुलियती वन समुहहरु/संस्था/सहकारी निजी उद्यमी/फर्म वा जडिबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानबाट व्यवसायिक योजना सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न पहिलो पटक मिति २०७९/०९/२७ गते सूचना प्रकाशित गरिएकोमा पर्याप्त मात्रमा प्रस्तावहरु पेश हुन नआएकोले दोश्रो पटकको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आवश्यक कागजात संलग्न राखी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने अनुदानग्राही साझेदारी संस्था/सहकारी/समुहहरुमा संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तिमा ३० प्रतिशत सम्म र निजी, फर्म/उद्यमि/व्यक्तिको हकमा कम्तिमा ५० प्रतिशत सम्म अनुदानग्राहिले लगानी गर्नु पर्नेछ। समय भित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| सि.नं. | क्रियाकलाप/कार्यक्रमको नाम | प्याकेज | कार्यालयबाट उपलब्ध हुन सक्ने अधिकतम अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | निजी वन प्रवर्द्धन कार्यक्रम | १ (एक) | रु. २.५ लाख | कम्तिमा ५ रोपनी भन्दा वढी जग्गामा वनजन्य/जडिबुटी/फलफुल/डालेघास प्रजातिका विरुवा रोपण गर्न निजी वन धनि/व्यक्ति/संस्था मार्फत प्रस्ताव पेश गर्नुपर्ने। |
| २. | महिला कृषि वन कार्यक्रम | ७ (सात) | रु.३.५ लाख | एकै स्थानमा सकेसम्म (८०%) एउटै प्रजातिका कम्तिमा ३ हेक्टर क्षेत्रफल वा ३००० विरुवा रोपण गर्न सकिने इच्छुक निजी जग्गा भएको महिला कृषक/कृषक समुह/सहकारी/उपभोक्ता समुहहरु मार्फत प्रस्ताव पेश गर्नुपर्ने छ। जैतुन, ओखर, डाँलेचुक, टिमुर, एभोकाडो, किम्बु,उत्तिस, सिसौ, मसला,बेल, खयर, लहरेपिपल, भोटेपिपल, बैस र डाँले घाँस प्रजातिका वनजन्य विरुवा रोपण गर्नुपर्ने छ। (दैनिक ज्यालादारी) को व्यवस्थापन बाहेक घेराबार,बैठक, ईन्धन आदिमा खर्च गर्न पाईने छैन। |
| ३. | जडिबुटी विकास कार्यक्रम | १३ (तेह्र) | रु. २ लाख | सहकारी/कबुलियति/सामुदायिक वन समुहहरु/निजी वन/निजी कृषक/फर्म मार्फत प्रस्ताव पेश गर्नुपर्ने। |
| ४. | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | २ (दुई) | रु २.५ लाख | ईच्छुक उधमी/किसान/कबुलियति/सामुदायिक वन समुह मार्फत प्रस्ताव पेश गर्नुपर्ने। |

पुनश्च : विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटी, **website : dfosalyan.karnali.gov.np** तथा फोन नं ०८८-५२०००८ मा हेर्न वा सम्पर्क गर्नु हुन अनुरोध छ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

## खलङ्गा, सल्यान

**शर्तहरु :**

प्रस्तावकले निम्न बमोजिमको कागजात तथा विवरण समेतको व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम, ठेगाना, संस्थाका प्रमाण पत्रहरु समावेश गरि जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्दम विकास दिग्दर्शन, २०७७ को अनुसुची-२ बमोजिमको ढाँचामा प्रस्तावना सहितको विस्तृत निवेदन पेश गर्नु पर्नेछ ।

२. प्रस्तावकले पेश गर्ने संस्थाको आर्थिक र प्राविधिक प्रस्तावमा निम्न विवरण पेश गर्नुपर्ने छ ।

क. निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा वा मञ्जुरीनामा, तिरो तिरेको रसिदको प्रतिलिपि तथा क्षेत्रफल खुल्ने नक्शा सहितको विवरण र नागरिकताको प्रतिलिपि ।

ख. सहकारी/कवुलियति/सामुदायिक वन समुहहरुको हकमा समुहको निर्णयको प्रतिलिपि र गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र दर्ताको प्रमाणपत्र ।

ग. निजि फर्मको हकमा दर्ता, नविकरण र कर चुक्ताको प्रमाण पत्र ।

घ. प्रस्तावित क्रियाकलापहरु बाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी (श्रमदिन)

ङ. दिर्घकालिन जगेर्ना विधी ।

च. कार्यक्रम/क्रियाकलाप संचालन गर्न लाग्ने समय

छ. वातावरणिय प्रभाव तथा जन सहभागिता

ज. लाभपप्रद व्यवसायिक योजना

झ. कार्यक्रमको नविनता तथा श्रृजनशिलता

३. अन्य क्षेत्र बाट अनुदान प्राप्त भए/नभएको सो:घोषण ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचिमा राखेका व्यक्ति फर्म संस्था,र सहकारीले सहभागि हुन पाउने छैनन ।

५. **पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार** यस कार्यक्रम अर्न्तगत एउटै प्रजातिको जडिबुटि धेरै मात्रामा उत्पादन गर्नको लागी ईच्छुक उधमि /किसान,सामुदायिक/कवुलियति वन समुह, विदेश बाट फर्किएका युवाहरुले प्रस्ताव पेश गर्न पर्नेछ ।

६. **निजी वन कार्यक्रम** अर्न्तगत निजी वन धनि/व्यक्ति/संस्थाले प्रस्ताव पेश गर्दा कम्तिमा ५ रोपनी भन्दा वढि क्षेत्रफल भएको वृक्षारोपण गर्न चाहेको जग्गा धनी प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

७. **जडिबुटी विकास कार्यक्रम** जडिबुटी एवं गैर काष्ठ वन पैदावरको खेतिलाई प्रोत्साहन गर्ने उद्देश्य रहेका सहकारी/कवुलियति/सामुदायिक वन समुहहरु/निजी वन/निजी कृषक/फर्म मार्फत प्रस्ताव पेश गर्नुपर्ने ।

८. **महिला कृषि वन कार्यक्रम** : यस कार्यक्रमको हकमा महिलाहरुको लागि मात्र एउटै प्रजातिको तोकिए वमोजिम कार्यक्रम संचालन गरिने छ ।

९. प्रस्ताव पेश गर्ने अनुदानग्राही साझेदारी संस्था/सहकारी/समुहहरुमा संचालन हुने कार्यक्रमको हकमा कुल लागतको ३० प्रतिशत सम्म र निजी फर्म/उद्यमि/व्यक्तिको हकमा ५० प्रतिशत सम्म अनुदानग्राहिले लगानी गर्नु पर्नेछ ।

१०. कार्य संचालन गर्न यस कार्यालय संग गरिने सम्झौता अनुसार प्रथम किस्तामा ४०% दोस्रो किस्तामा ३०% र अन्तिम कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात बाँकी ३०% रकम अनुदान स्वरुप भुक्तानी गरिनेछ ।

११. अनुदान प्राप्त संस्था/सहकारी/समुह/फर्म/उद्यमि/व्यक्ति छनौट भई नगद अनुदान प्राप्त गरी लगेकोमा सम्झौता बमोजिमको कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ ।

१२. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हनेछ ।